मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय म्याग्दी

# स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित कार्यपालिका सदस्यहरुको सातौं बैठक

मितिः २०७९ साल असार महिनाको ३१ गते शुक्रबार

स्थानः मालिका गाउँपालिकाको कार्यालय, म्याग्दी

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य

प्रस्तावहरुः

१. गाउँपालिकांको लागि जग्गा प्राप्ति सम्बन्धमा ।

२. करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

४. गाउँकार्यपालिकाको कार्यालयमा श्रेणीविहिन तह कार्यालय सहयोगी पदमा कार्यरत श्री लिलाधर गैरेले अतिरिक्त समयमा समेत कामकाज गर्नु परेकोले कार्यालय सहयोगी द्वितीय स्तर सरहको सेवा सुबिधा प्राप्त गर्ने गरी करार सम्झौता थप गरी पाउँ भनी निवेदन पेश गरेको र निजको कार्यसम्पादनको स्तर उच्च रहेको तथा कार्यालयको नियमित कामकाज बाहेक अतिरिक्त समयमा समेत निजलाई कामकाजमा लगाउनुपर्ने भएकोले गाउँपालिकाले आवश्यक ठानेको जुनसुकै समयमा पनि कामकाज गर्ने शर्तमा निजलाई २०७९ श्रावण १ देखि लागु हुने गरी कार्यालय सहयोगी द्वितीय स्तर वा सो सरहको को सेवा सुबिधा प्राप्त हुने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

५. मालिका गाउँपालिका वडा नं ६, दरबाङ स्थित रेड क्रस सोसाईटीले सञ्चालन गरेको आँखा उपचार केन्द्रसँग गाउँपालिकाले सहकार्य गर्ने गरी कार्यविधि तयार गर्ने र उक्त केन्द्रको लागि आवश्यक सामग्री नेपाल नेत्रज्योति संघसँग माग गरी पठाउने निर्णय गरियो ।

६. प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशले च.नं. ५४१, मिति २०७९/३/२३ मा निजी क्षेत्रले लगानी सम्मेलन मार्फत लगानी गर्ने प्रयोजनका लागि योजना माग गरी पठाएको पत्रमा छलफल हुँदा तपसिल बमोजिमका योजनाहरु पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १. | बराहताल देखि ताराखोला देउराली जोड्ने मोटरबाटो | १ | |
| २. | ताक्से मोटरेबल पुल | २ | |
| ३. | अधिभारा डाँडागाउँ सोले तमान जोड्ने मोटरबाटो निर्माण | ३ | |
| ४. | चिउरीबोट छाप उपलछाप सोले मोटरबाटो | ४ | |
| ५. | थपाचौर देविस्थान ताकम मोटरबाटो | ५ | |
| ६. | तोलाबाङ — अल्काचौर — दुखु —दिच्याम —दर्बाङ रिङ रोड | ६ | |
| ७. | च्याम्बाङ देउराली खोला सिंचाई | ७ | |

वेग प्रसाद गर्बुजा
अध्यक्ष

३. घर भाडामा लिने सम्बन्धमा ।
४. स्तर वृद्धि सम्बन्धमा ।
५. आँखा उपचार केन्द्रसँग सहकार्य सम्बन्धमा ।
६. प्रदेश नीति तथा योजना गण्डकी प्रदेश समक्ष पेश गर्ने योजना सम्बन्धमा ।

निर्णयः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा मालिका गाउँपालिका, म्याग्दीको प्रशासकीय भवन हालसम्म निर्माण नभएको र सो को लागि जग्गा प्राप्ति समेत हालसम्म नभएको हुँदा समग्र सेवा प्रवाह र विकास व्यवस्थापन असहज भएकोले तत्काल जग्गा प्राप्ति गर्नु अत्यावश्यक रहेको र यस अघि जग्गा प्राप्तिका लागि मालपोत कार्यालय, म्याग्दी हुँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय समक्ष आवश्यक कागजात समेत संलग्न गरी पठाएकोमा हालसम्म कुनै प्रगति हुन नसकेको ठहर भयो । गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न मालिका गाउँपालिकाको वडा नं ६ दर्बाङ आसपास मात्र सबै वडाहरुलाई पायक पर्ने, अन्य कुनै वडामा निर्माण भएमा भौगोलिक विकटताका कारण सम्बन्धित वडा बाहेक अरु कुनै वडालाई सहज नहुने एवम् प्रशासकीय भवन निर्माण गर्न गाउँपालिकाको नाममा कहीं कतै कुनै वडामा जग्गा नरहेको हुँदा मालिका गाउँपालिका वडा नं ६ दर्बाङबाट हिंडेर ५ मिनेटमा पुगिने स्थान छ्यारछ्यारेमा रहेको साविक दरबाङ गा.वि.स. वडा नं १ क कि.नं. २०४ क्षेत्रफल ५३-४-३-० को सार्वजनिक गौचरण भनी नापी नक्सा भएको जग्गा मध्येबाट गाउँपालिका भवनलाई ५ रोपनी र अस्पताल निर्माणको लागि आवश्यक पर्ने ५ रोपनी 'सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७' बमोजिम प्राप्त गर्नुको कुनै बिकल्प नरहेको हुँदा मालपोत कार्यालय, म्याग्दी मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा आवश्यक कागजात सहित पेश गर्ने निर्णय गरियो ।
२. मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्यांकन समितिले गरेको मूल्यांकनका आधारमा मापदण्ड बमोजिमको अङ्क प्राप्त गर्ने कर्मचारीहरुको म्याद थप गरी प्रमुख प्रशासकीय अधिकृतले सम्झौता गर्ने निर्णय गरियो ।
३. गाउँपालिकाले कार्यालय प्रयोजन, वडा कार्यालय प्रयोजन, सामुदायिक स्वास्थ्य एकाई प्रयोजन तथा यस अघि भाडामा लिइराखेका घर, फ्ल्याट, कोठाको सम्झौता नवीकरण गर्ने एवम् गाउँपालिका अध्यक्ष र उपाध्यक्षको लागि मितव्ययी रुपमा न्यूनतम रकममा घर भाडा सम्झौता गर्ने निर्णय गरियो ।

देग प्रसाद गर्बुजा
अध्यक्ष